# नेपाल गजेट

## भाग ४

### श्री ५ को सरकारद्वारा प्रकाशित

### काठमाडौं ज्येष्ठ २७ गते २०१५ साल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २१

पब्लिक वर्क्स तथा संचार सचिवालय अन्तर्गत तौलिहवा र सल्यान आकाश वाणीलाई हाकिम अपरेटर दुई डोटी र जलेश्वर आकाशवाणीलाई असिस्टेन्ट अपरेटर दुई, सल्याना र जुम्ला आकाशवाणीलाई अपरेटर दुई समेत ६ जना उम्मेदवारहरु चाहिएकाछन। योग्य उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर नगद रु १। सहित २०१५ साल आषाढ १८ गते ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखल भएको दरखास्त उपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढो, गौंडा, र गोश्वाराहरुमा पनि पाइन्छ।

पदहरूको विवरण यस प्रकार छः—

१. पदः-- [क] हाकिम अपरेटर (ख) असिस्टेन्ट अपरेटर [ग] अपरेटर सबै पदहरु स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः-- अन्डर म्याट्रिक भै कमसेकम आकाशवाणीमा ३ वर्ष अपरेटर भै काम गरेको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वाञ्छनीय योग्यताः- वायरलेस सम्बन्धी ज्ञान भएको लेखन पढन सुस्म र ट्रान्समिटर र रिसिभर समेत समेत गन सक्ने पाए सम्म स्थानीय व्यक्तिलाई प्राथ्यता दिने।

४. मासिक तलब भत्ता तलब रू ४५। महँगी भत्ता १०। विशेष भत्ता रु ५। र हाकिम अपरेटरमा नियुक्ति हुनेले हाकिम भत्ता रु ३ समेत प्रचलित मुद्रामा पाइने।

५. अभ्यस । प्रोवेशन । अवधिः- ६ महीना।

आज्ञाले-
खड्गमान मल्ल
सेक्रेटरी नेपाल पब्लिक सर्भि स कमिशन
सिंहदरबार काठमाडौं नेपाल।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २३

पब्लिक वर्क्स तथा संचार सचिवालय अन्तर्गत आकाशवाणी हेड अफिसलाई एक जना सब इन्जिनीयर चाहिएको छ। योग्य उम्मेदवारहरुले प.स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण भरी फी दस्तुर नगद मोरू १।५० सहित २०१५ साल आषाढ १५ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। दरखास्तफारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुने छैन।

पदको विवरण यस प्रकार छः-

१. पदः- सब इन्जिनीयर नन्ग्याजेटेट स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- कुनै रिकगनाइज्ड इनस्टीच्यूटमा ३ वर्ष पढी रेडियो संम्बन्धी डिप्लोमा पाइ पाँच वर्षसम्म अनुभव प्राप्त गरेको अथवा कुनै रेडियो सम्बन्धी सर्टिफिकेट पाई कमसेकम १० वर्ष सम्म सम्बन्धित टेक्निसियन भै काम गरेको।

३. मासिक तलब भत्ताः—१४० महंगी भत्ता २०।

द्रष्टव्यः-सो अनुभव प्राप्त गरेको श्री ५ को सरकारका गजेटेड अफिसर वा सोभन्दा माथिल्लो दर्जाको कर्मचारीको लिखित प्रमाणपत्र अथवा सर्टिफिकेट पेश गर्नु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचनाः-

आ. बा. हे. नेपालगञ्ज मर्मत केन्द्रलाई सब इन्जिनायर १ चाहिएकोले प. स. क. विज्ञापन नं. ११ प्रकाशित भएकोमा पदको विवरण आवश्यक न्यूनतम योग्यताको महलमा अथवा रेडियो सम्बन्धी कुन सर्टिफिकेट पाई कमसेकम १० वर्ष सम्बन्धीत टेक्निसियन भै काम गरेको भनी लेख्नु पर्नेमा कुनै सर्टिफिकेट पाइ हुन गएकोले रेडियो सम्बन्धी कुन सर्टिफिकेट पाई भनी संशोधन गरी पढ्नु हुन सूचना गरिएको छ।

आज्ञाले—
खड्गमान मल्ल
सेक्रटरी–पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं नेपाल।

## पब्लिक सर्भिस कमिशनको सूचना ४

जिल्ला भंडारलाई खरिदार २ पदका निमित्त अघि अर्थमन्त्रालयको विज्ञापन बमोजिम दरखास्त दिने उम्मेदवारहरू सहित प. स. क. बाट २०१४।११।३०।५ सम्मको अन्तिम म्याद दिई भएको विज्ञापनका आवेदकहरू, कृषिमन्त्रालयका निमित्त खरिदार १ मा प. स. क. मा दरखास्त दिने २०१५।१।१२।५ सम्मको म्याद दिइ भएको विज्ञापनका आवेदक र आगामी ज्येष्ठ ३१ गते ६ सम्मको म्याद दिई भएको विज्ञापनका आवेदक समेत सबै उम्मेदवारहरूले ती पदका निमित्त २०१५ साल आषाढ ६, १० र ११ गते हुने प्रतियोगितात्मक लिखित परीक्षामा दिन पाईने इच्छा-धीन विषय (१) वर्तमान संसार (२) ऐन र लेखा (३) गणित या अंकगणित (४) अंग्रेजी (५) संस्कृत मध्ये आफूले जाँच दिन रोजेका कुनै दुई विषय स्पष्ट खोली आषाढ ३ गते रोज ३ सम्ममा प. स. क. मा दरखास्त गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ।

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी· पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

283

## पब्लिक सर्भिस कमिशनको सूचना नं. ५

जिल्ला सकारलाई चाहिने खरिदार २ र कृषि मन्त्रालयलाई चाहिने खरिदार १ समेतको आगामी आषाढ ६, १० र ११ गते हुने प्रतियोगितात्मक लिखित परीक्षाको अनिवार्य ३ इच्छाधीन ऐन विषयमा निम्नलिखित विषयहरू रहने भएकोले सो पदहरूका लागि दरखास्त दिने उम्मेदवारहरूका जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएकोछ ।

अनिवार्य विषयमा:-

(१) निजामती सेवा ऐन
(२) निजामती सेवा नियम बली
(३) एस. एल. सी. बिलेवस सरह ऐन

इच्छाधीन मध्ये ऐन विषयमा:-

(१) नागरिकताको ऐन २००६,
(२) नागरिक अधिकार ऐन २०१२,
(३) विकास समिति ऐन २०१३, संशोधन सहित
(४) दंड सजाय (मुलुकी ऐन पहिलो भाग)
(५) कागज जांच (मुलुकी ऐन दोस्रो भाग)
(६) कीर्ते कागज ( ऐ ऐ )

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं नेपाल ।

## पब्लिक सर्भिस कमिशनको सूचना

नेपाल पब्लिक सर्भिस कमिशन विज्ञापन न १६ बमोजिम तथ्यांक विभागलाई चाहिने ६ जना पहिला दर्जाका कारिन्दा पदमा दरखास्त दिने उम्मेदवारहरूमध्ये योग्यता पुगेका उम्मेदवारहरूको लिखित परीक्षा आगामी आषाढ १२ र १५ गते सरस्वती सदन हलमा हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ । परीक्षाको पाठ्यक्रम र कार्यक्रम तपसील बमोजिम हुनेछ । प्रत्येक पत्र २॥ घंटा र पूर्णाङ्क १०० को हुनेछ । परीक्षाको लागी छानिएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग सिंहदरबार

योग्य उम्मेदवारहरूको नामावली २०१५।२।२७।२ का दिन ४ बजेदेखि प. स. क. नोटिस बोर्डमा टाँगिनेछ।

पाठ्यक्रम—ऐनमा:-निजामती सेवा ऐन, निजामती सेवा नियमावली, जनगणना ऐन।

स्रेस्तोमा :—एस्. एल. सी. को पाठ्यक्रममा दिइए जति विषय।

हिसाब:- अंकगणित निजामती मध्यम परीक्षा अनुसार।

कार्यक्रम— २०१५।३।१२।५ का दिन १ बजेदेखि ३.३० बजेसम्म प्रथमपत्र:- नेपालको इतिहास र भूगोल।

२०१५।३।१५।१ का दिन ११।३० बजेदेखि २ बजेसम्म द्वितीयपत्र:- निबन्ध, मजबून र साधारण ज्ञान, तथा २।३० बजेदेखि ५ बजेसम्म तृतीय पत्र;- ऐन स्रेस्ता र हिसाब।

आज्ञाले—

खड्गमान मल्ल

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन

सिंहदरबार काठमाडौं नेपाल

---

गोरखापत्र छापाखाना मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।